# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

(आर्थिक वर्ष २०६०/६१ को प्रथम चार महिनाको तथ्याङ्कमा आधारित)

**नेपाल राष्ट्र बैंक**

माघ २०६०

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति


*(आर्थिक वर्ष* २०६०/६१ *को प्रथम चार महिनाको तथ्याङ्कमा आधारित)*

**मुख्य बुँदाहरु**

- आर्थिक वर्ष २०६०/६१ को प्रथम चार महिनामा विस्तृत मुद्रा प्रदाय न्यून दरले बढेको छ भने संकुचित मुद्रा प्रदाय घटेको छ ।
- मुद्रा बजारमा ट्रेजरी बिलको ब्याजदर घटेको छ ।
- धितोपत्र बजारको करोवारमा वृद्धि भए तापनि नेप्से परिसूचकाङ्क घटेको छ ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च बढेको छ ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधन उच्च दरले वृद्धि भएको हुँदा बजेट घाटा घटेको छ ।
- मूल्य सूचकाङ्क विन्दुगत तथा बार्षिक औसत दुवैको आधारमा वृद्धि भएको छ ।
- निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा बढेको छ ।
- निजी क्षेत्रको विप्रेषण अधिक रहन गएको कारण चालू खाता बचतमा रहेको छ ।
- चालु खातामा पर्याप्त बचत रहेकोले शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ ।
- कुल विदेशी विनिमय संचिति रु.१ खर्ब ८ अर्ब ४४ करोड पुगेको छ जुन १०.१ महिनाको वस्तु आयात र ८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

## मौद्रिक स्थिति

गत वर्षको तुलनामा यस वर्षको प्रथम चार महिनामा खुद आन्तरिक सम्पत्ति कम दरले वृद्धि भए तापनि खुद वैदेशिक सम्पत्तिको वृद्धिदर गतवर्ष नकारात्मक रहेकोमा यस वर्ष सीमान्त दरले वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय १.६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४९ अर्ब ७३ करोड पुगेको छ । विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय ३.९ प्रतिशतले घटेर रु. ८० अर्ब ४७ करोडमा झरेको छ । विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप यस वर्ष ४.४ प्रतिशतले बढेर रु. १ खर्ब ६९ अर्ब २६ करोड पुगेको छ । गत वर्ष आवधिक निक्षेप २.७ प्रतिशतले बढेको थियो । गत वर्ष बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) ३.५ प्रतिशतले घटेकोमा यस वर्ष सो सम्पत्ति १.१ प्रतिशतले वृद्धि भई रु. ९१ अर्ब ७६ करोड पुगेको छ । बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्षको प्रथम चार महिनामा २.० प्रतिशतले वृद्धि भई रु.२ खर्ब ३३ अर्ब २ करोड पुगेको छ । सो कर्जा गत वर्ष ४.२ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष ४.६ प्रतिशतले वृद्धि भएको बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा यस वर्ष ४.१ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ५७ अर्ब १२ करोड पुगेको छ । ९१ दिने ट्रेजरी विल्सको औसत ब्याजदर २०५९ कार्तिक महिनाको ४.० प्रतिशतबाट २०६० कार्तिक महिनामा ३.६७ प्रतिशतमा झरेको छ ।





## सरकारी वित्त स्थिति

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम चार महिनामा कुल सरकारी खर्च १०.० प्रतिशतले वृद्धि भई रु. २० अर्ब ७३ करोड पुगेको छ। गत वर्ष यसै अवधिमा कुल सरकारी खर्च ०.५ प्रतिशतको न्यून दरले बढेको थियो । कुल सरकारी खर्चमध्ये साधारण खर्च गत वर्ष १३.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ७.५ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ८१ करोड पुगेको छ। विकास खर्च गत वर्ष ४५.२ प्रतिशतको उच्च दरले घटेकोमा यस वर्ष २२.० प्रतिशतलको उत्साहजनक दरले वृद्धि भई रु. २ अर्ब ३४ करोड पुगेको छ । फ्रिज खर्च गत वर्ष १२.७ प्रतिशतले घटेकोमा यस वर्ष २२.१ प्रतिशतले बढेर रु. १ अर्ब ५८ करोड पुगेको छ।

आर्थिक वर्ष २०५९/६० मा ३.७ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष २०.३ प्रतिशतले बढेर रु. १८ अर्ब १७ करोड पुगेको छ। सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व गत वर्ष २.३ प्रतिशतको न्यून दरले वृद्धि भएकोमा यस वर्ष १४.० प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ९९ करोड पुगेको छ। यस वर्ष आयातमा सुधार आएको कारण राजस्व परिचालनमा पनि तदनुरुप सुधार भएको छ। गैर-बजेटरी आय गत वर्ष रु. ८० करोड प्राप्त भएकोमा यस वर्ष २५.५ प्रतिशतले वृद्धि भई रु. १ अर्ब प्राप्त भएको छ। बाह्य अनुदान गत वर्ष रु. १९ करोड मात्र प्राप्त भएकोमा यस वर्ष रु.१ अर्ब ९ करोड प्राप्त भएको छ।

कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non-debt creating resources) को वृद्धिदर उच्च रहेकोले चालु आर्थिक वर्षको प्रथम चार महिनामा बजेट घाटा ३१.८ प्रतिशतले घटेर रु.२ अर्ब ५६ करोडमा सीमित रहेको छ। गत वर्ष यस अवधिमा रु. ३ अर्ब ७६ करोड बराबरको बजेट घाटा भएको थियो । सो घाटा पूर्ति गर्न आन्तरिक ऋण वापत ट्रेजरी विल्सबाट रु. ७० करोड, नागरिक बचत पत्रबाट रु. ७ करोड, र वैदेशिक ऋणबाट रु. ८६ करोड परिचालन भएको छ। यसबाट सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. ५६ करोड पूर्ति भई बाँकी रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गरिएको

छ । घाटा पूर्ति गर्न नपुग रु. १ अर्ब ४९ करोड नेपाल राष्ट्र बैंकबाट अधिविकर्ष उपयोग गरिएको छ । गत वर्ष यस अवधिमा रु. ४० करोड अधिविकर्ष उपयोग गरिएका थियो ।





**मूल्य स्थिति**

वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर गत वर्ष २.२ प्रतिशत रहेकोमा यस वर्ष ५.८ प्रतिशत रहेको छ । वार्षिक औसत मूल्य वृद्धिदर पनि गत वर्ष यसै अवधिमा २.९ प्रतिशत रहेकोमा यस वर्ष ५.५ प्रतिशत पुगेको छ । विन्दुगत आधारमा गत वर्ष १.१ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क यस वर्ष ५.३ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष चिनी तथा चिनीजन्य पदार्थ, दलहन र मरमसलाको मूल्यमा कमी आएको भए तापनि तेल तथा घ्यू (२१.७ प्रतिशतले), तरकारी तथा फलफूल (८.० प्रतिशतले), माछा, मासु तथा फुल (७.१ प्रतिशतले), रेष्टुराँको खाना (६.९ प्रतिशतले), खाद्यान्न (४.० प्रतिशतले) तथा दूध तथा दुग्धजन्य पदार्थ र पेय पदार्थ मूल्य बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्यमा उपरोक्त बृद्धि हुन गएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य गत वर्ष ३.४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ६.३ प्रतिशतले वृद्धि भएको छ । यातायात र संचार उप-समूहको मूल्य १३.६ प्रतिशतले, घरायसी सामानको मूल्य १०.३ प्रतिशतले, शिक्षा तथा मनोरंजन ४.७ र औषधि तथा व्यक्तिगत हेरचाहको मूल्य ३.४ प्रतिशतले बृद्धि भएको तथा अन्य वस्तुहरुको मूल्य पनि सामान्य बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा तराईमा ५.० प्रतिशतले, पहाडमा ५.१ प्रतिशतले र काठमाडौं उपत्यकामा ७.४ प्रतिशतले मूल्य बृद्धि भएको छ । तरकारी तथा फलफूल, माछा, मासु तथा फुल र खाद्यान्नको मूल्य वृद्धि, खाद्यतेलजन्य वस्तुहरुको मूल्य वृद्धि तथा पेट्रोलियम पदार्थको विगतमा गरिएको मूल्य वृद्धिको प्रभाव आदि कारणले यस वर्ष समग्र मूल्य बृद्धिदर ५.८ प्रतिशत रहन गएको हो । गत वर्ष ०.३ प्रतिशतले वृद्धि भएको थोक मूल्य सूचकाङ्क यस वर्ष ४.१ प्रतिशतले बढेको छ ।

**वैदेशिक व्यापार**

बाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम चार महिनामा कुल निर्यात ८.० प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ४८ करोड पुगेको छ । गत वर्षको यसै अवधिमा निर्यात १७.३ प्रतिशतले घटेको थियो । भारततर्फको निर्यात यस वर्ष ९.७ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४२ करोड पुगेको छ । यो निर्यात अघिल्लो आर्थिक वर्षको यसै अवधिमा २६.८ प्रतिशतले घटेको थियो । तेस्रो मुलुकतर्फको निर्यात यस वर्ष ६.० प्रतिशतले बृद्धि भई रु. ७ अर्ब ६ करोड पुगेको छ । यस्तो निर्यात गत वर्ष २.७ प्रतिशतले घटेको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये पश्मिनाको निर्यात १९.० प्रतिशतले, तयारी पोशाक ७.२ प्रतिशतले तथा गरगहना १.३ प्रतिशतले घटेको भए तापनि ऊनी गलैचा, दाल, अलैची, चिया, कागज तथा कागजबाट बनेका वस्तुहरु, हस्तकालाका सामान र प्रशोधित छालाको निर्यात बढेकोले यस वर्ष तेस्रो मुलुकतर्फको निर्यात बृद्धि भएको  हो ।

गत वर्ष कुल आयात ५.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १६.१ प्रतिशतले बृद्धि भई रु. ४२ अर्ब ९९ करोड पुगेको छ । भारतबाट भएको आयात गत वर्ष २१.८ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १२.२ प्रतिशतले बृद्धि भएको छ भने तेस्रो मुलुकबाट भएको आयात गत वर्ष १०.९ प्रतिशतले घटेकोमा यस वर्ष २१.४ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष भारतबाट मुख्यतया चामल, विद्युतीय उपकरणहरु, टायर ट्यूव, एम.एस. विलेट, फलफूल, तरकारी, नून, दाल, गहुँ, सुर्ती, पेट्रोलियम पदार्थ, यातायातका साधन, औद्योगिक रसायन, कपडा, एम. एस. वायर रड, कोल्ड रोल्ड सिट, अन्य यन्त्र तथा पूर्जाहरु आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टील सीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, टायर तथा ट्यूव, विद्युतीय सामान तथा उपकरणहरु, तयारी पोशाक, श्रृंगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, रासायनिक मल जस्ता मुख्य वस्तुहरुको आयात बढेको छ । गत वर्ष २७.६ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा यस वर्ष २१.२ प्रतिशतले बढेर रु. २७ अर्ब ५१ करोड पुगेको छ ।




भारतसंगको व्यापार घाटा गत वर्ष ९३.७ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.६ प्रतिशतले बढेको छ । तेस्रो मुलुकतर्फको व्यापार घाटा गत वर्ष १६.० प्रतिशतले घटेकोमा यस वर्ष ३२.९ प्रशितको उच्च दरले बृद्धि भएको छ ।


परिणामस्वरुप, गत वर्ष ३८.७ प्रतिशत रहेको निर्यात/आयात अनुपात यस वर्ष ३६.० प्रतिशतमा झरेको छ। भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३५.९ प्रतिशत रहेकोमा यस वर्ष ३५.१ प्रतिशत रहेको छ भने तेश्रो मुलुकतर्फको यो अनुपात गत वर्षको ४२.६ प्रतिशतबाट यस वर्ष ३७.१ प्रतिशतमा झरेको छ।

**शोधनान्तर स्थिति**

यस वर्षको प्रथम तीन महिनामा गत वर्षको सोही अवधिको तुलनामा कुल निर्यात तथा कुल आयात दुवैमा वृद्धि भएको भए तापनि आयातको वृद्धिदर निर्यातको तुलनामा अधिक रहेको कारण कुल व्यापार घाटा २६.१ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो वर्ष यसै अवधिमा व्यापार घाटा २८.९ प्रतिशतले वृद्धि भएको थियो। गत वर्षको तुलनामा सेवा आय २३.९ प्रतिशतले वृद्धि भएको भए तापनि सेवा भुक्तानी पनि ११.७ प्रतिशतले वृद्धि भएकोले वस्तु तथा सेवा क्षेत्रको समग्र घाटा २२.५ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ९४ करोड पुगेको छ। त्यस्तै गत वर्षको तुलनामा लगानी आय ६.६ प्रतिशतले घटेकोमा भुक्तानी पनि १४.९ प्रतिशतले बढेकाले वस्तु, सेवा तथा लगानी आय क्षेत्रको समग्र घाटा २१.२ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब २३ करोड पुगेको छ। तथापि यस अवधिमा निजी क्षेत्रको विप्रेषण र विदेशी अनुदानमा उल्लेख्य वृद्धि भएको कारण चालु खातामा रु. १० अर्ब ६५ करोडको बचत भएको छ। गत वर्षको यसै अवधिमा रु. ५ अर्ब ११ करोडको चालु खाता बचत रहेको थियो। वित्तीय खातातर्फ यस वर्ष खुद सरकारी ऋण आप्रवाहमा उच्च दरको ह्रास आएको हुँदा वित्तीय खाता ऋणात्मक रहेको छ। वित्तीय खाता ऋणात्मक रहे तापनि चालु खाता बचत अधिक रहेकोले यस वर्षको पहिलो तीन महिनामा रु. ९४ करोडको शोधनान्तर बचत भएको छ। गत वर्षको यसै अवधिमा रु. ८५ करोड बराबरको शोधनान्तर बचत भएको थियो। मौद्रिक तथ्याङ्क अनुसार यस वर्षको प्रथम चार महिनामा गत वर्षको सोही अवधिको रु. ३ अर्ब ६ करोड घाटाको तुलनामा यस वर्ष रु. १ अर्ब ३ करोड बराबरको शोधनान्तर बचत भएको छ।

**विदेशी विनिमय संचिति**

२०६० कार्तिक मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ८ अर्ब ४४ करोड पुगेको छ। जसमध्ये परिवर्त्य संचिति रु. ९९ अर्ब ४४ करोड रहेको छ। २०५९ कार्तिकको तुलनामा परिवर्त्य संचिति १८.८ प्रतिशतले बढेको छ भने अपरिवर्त्य संचिति ५९.३ प्रतिशतले घटेको छ। गत बर्ष परिवर्त्य संचिति ८.६ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति १६.३ प्रतिशतले घटेको थियो। कुल संचितिमा २०६० कार्तिकमा परिवर्त्य संचितिको अंश ९१.७ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ८.३ प्रतिशत छ। २०५९ कार्तिकमा यस्तो अंश क्रमशः ७९.१ प्रतिशत र २०.९ प्रतिशत थियो। अपरिवर्त्य संचितिको अंश न्यून हुँदै जानुको कारण मुख्य रुपमा प्रेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट हुनु रहेको देखिन्छ। विदेशमा रहेका नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेको र निर्यातमा पनि सुधार आएकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो। अपरिवर्त्य संचितिको अंशमा ह्रास भएको भए तापनि कुल संचितिमा वृद्धि भएको फलस्वरुप चालू आर्थिक वर्षको प्रथम चार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १०.१ महिनाको वस्तु आयात र ८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।




**शेयर बजार गतिविधि**

धितोपत्र बजारमा गत वर्षको तुलनामा यस वर्ष संख्यात्मक तथा रकमगत कारोवारमा वृद्धि भएको छ। कारोवार भएको शेयर संख्या २०५९ कार्तिकको तुलनामा २०६० कार्तिकमा ५५.६ प्रतिशतले बढेर १ लाख ३० हजार पुगेको छ। कुल शेयर कारोवार रकम भने २०५९ कार्तिकको तुलनामा २०६० कार्तिकमा ९.४ प्रतिशतले वृद्धि भई रु. ३ करोड ६ लाख रहेको छ। सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०५९ कार्तिकको तुलनामा २०६० कार्तिकमा ८.७ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ७३ करोड पुगेको भए तापनि नेप्से परिसूचकाङ्कमा भने गत कार्तिक महिनाको तुलनामा यस वर्ष १४.५२ विन्दु (६.६ प्रतिशत) ले ह्रास भई २०६.२१ मा झरेको छ।

***